जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २६६ २०७९ साल जेठ १७ गते मंगलबार (31 May 2022 Tuesday) मूल्य रु. ५/-

ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं!

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : समाजवादी अर्थतन्त्रको आधार... ३ पृष्ठमा : बलात्कारविरुद्ध मुद्दामा हदम्याद... ३ पृष्ठमा : चाडमा सुन खानी ...

## भाउजुलाई आगो लगाई हत्या गर्ने देवर पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १६ जेठ ।**

घरायसी मनमोटावका कारण भाउजुलाई पेट्रोल छर्की आगो लगाएर हत्या गरि पाँच महिनादेखी फरार देवरलाई प्रहरीले पक्राउ गरेको छ।

सप्तरीको बोदेबर्साइन नगरपालिका ९ धनगढी टोलकी २७ बर्षिया राजकुमारी साहलाई पेट्रोल छर्कि आगो लगाई हत्या गरी फरार रहेका देवर २५ बर्षिय प्रमेश्वर साह पक्राउ परेका हुन ।

उनी घरमै लुकी बसेको गोप्य सुचना आएपछि ईलाका प्रहरी कार्यालय बोदेबर्साइनका प्रहरी नायव निरिक्षक सुरेश पालको नेतृत्वमा पुगेको प्रहरी टोलीले आईतबार राती पक्राउ परेका हुन ।

प्रहरीका अनुसार आफु विरुद्ध दाजु रबिनलाई उक्साएको निहुमा प्रमेश्वरले २०७८ माघ २१ गते भाउजु राजकुमारीलाई पेट्रोल छर्कि आगो लगाएका थिए ।

राजकुमारीको घटनाको २ दिन पछि उपचारको क्रममा मृत्यु भएपछि प्रमेश्वर फरार भएका थिए । पक्राउ परेका प्रमेश्वरलाई अदालतबाट म्याद थपी थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

## पतिको दिर्घायुको कामना गर्दै बटसावित्री पर्व मनाइयो



**दैनिक समाचारदाता**
**राजविराज, १६ जेठ ।**

श्रीमानको दिर्घ जिवन तथा सुस्वास्थ्यको कामना गर्दै नवविवाहीत युवतीदेखि बृद्धासम्मले बटसावित्री पर्व मनाएका छन् ।

सोमबार विहानैदेखि बर्षा भइरहेकाले कतिपय बर्तालु महिलाले घर आगनमै गमलामा बरको रुख रोपि पुजा गर्दै यो पर्व मनाएका छन् ।

पर्वको क्रममा सुन्दर पहिरनमा सजिएका महिलाले मन्दिर प्राङ्गन, नजिकको बरको रुख तथा घरमै गमलामा भएपनि बरको रुख रोपी त्यसलाई रातो र पहेलो धागोले बेरेर सबिधि पुजा पाठ गरेकी छिन् ।

बरको रुखलाई श्रीमान सरह सम्मान दिदै गर्मीबाट जोगाउन हाते पंखा हम्के, माया गरे अनि रुखलाई ढोकेर आर्शिवाद पनि लिए । बरको रुखलाई मैथिलिमा बर अर्थात बेहुला पनि भन्निछ । मिथिला संस्कृतिमा श्रीमानलाई देउताको रुपमा पुजा गर्ने परम्परा पुरानै हो ।

त्यहि मान्यता अनुसार वर्षको १ दिन श्रीमानको सम्मान बरको रुखले पाउछन् । प्रत्येक वर्ष जेठ औसीका दिन मनाईने यो पर्व आफना श्रीमानको दिर्घजिवनका लागि मनाउने गरेको ब्रतालु महिला पुनम देवी बताउछिन् । पन्डित रुपकान्त मिश्रका अनुसार धर्मशास्त्रमा सावित्रीले आफनो मृत पति सत्यवानको पुर्नजिवनका लागि बरकै रुखको पुजा गरेकी थिईन । पुजा पछि सत्यवानले पुर्नजिवन प्राप्त गरेको पौरानिक मान्यता छ । त्यहि मान्यता र विश्वास लाई मिथिलाका महिलाहरुले पालना गर्दै प्रत्येक वर्ष जेठ औषीका दिन बरको रुखमुनि बट सावित्री पर्व श्रद्धापुर्वक मनाउदै आएका छन् ।

## उम्मेदवार बनेकाहरुको पत्रकारको सदस्यता खारेज हुने

**दैनिक समाचारदाता**
**राजविराज, १६ जेठ ।**

स्थानीय तह निर्वाचनमा उम्मेदवार बनेका नेपाल पत्रकार महासंघका सदस्यहरूको सदस्यता खारेज हुने भएको छ ।

महासंघको केन्द्रीय कार्यसमितिको बैठकले स्थानीय तह निर्वाचनमा उम्मेदवार बनेका केन्द्र, प्रदेश र शाखाको पदाधिकारी तथा कार्यसमिति सदस्यहरू स्वत: पदमुक्त हुने निर्णय गरेको हो ।

निर्णय कार्यान्वयन गर्न( गराउन केन्द्र, प्रदेश र शाखालाई सूचित गर्ने निर्णय भएको महासंघका सचिव रोशन पुरीले जानकारी दिए ।

स्थानीय तह निर्वाचनमा उम्मेदवारी दिएका साधारण सदस्यहरूको हकमा विधानमा व्यवस्था भएअनुसार आचारसंहित तथा अनुगमन विभागमार्फत प्रक्रिया अगाडि बढाइने उनले बताए ।

महासंघको सदस्य रहेका संघीय, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरूको महासंघको सदस्यता स्वत: खारेज हुने निर्णय बैठकले गरेको जानकारी सचिव पुरीले दिए ।

बैठकले स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिनका लागि महासंघको विभिन्न तहबाट राजीनामा दिएका दुई केन्द्रीय सदस्यसहित ३० सदस्यहरूको राजीनामा स्वीकृत गरेको छ ।

स्थानीय तहको निर्वाचनमा निर्वाचन आयोग, प्रेस काउन्सिललगायतका निकायहरूको भूमिकाबारे ती निकायहरूसँग छलफल गर्ने निर्णय गरेको सचिव पुरीले जानकारी दिए ।

स्थानीय तहको निर्वाचनमा महासंघका सदस्यता लिएका करिब २ सय पत्रकारले उम्मेदवारी दिएका र ती मध्ये ८९ जना निर्वाचित भएका छन् ।

विभिन्न सञ्चार प्रतिष्ठानहरूमा विद्यमान श्रम समस्याहरू समाधान गर्न सशक्त ढंगबाट अगाडि बढ्ने निर्णय महासंघले गरेको छ ।

विभिन्न सञ्चार प्रतिष्ठानमा श्रमजीवी पत्रकारका सवालमा महासंघसँग भएका सहमति कार्यान्वयन नभएको भन्दै बैठकले सहमति कार्यान्वयनका निम्ति थप दबाबमूलक कार्यक्रम गर्ने निर्णय गरेको पुरीले बताए ।

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# समाजवादी अर्थतन्त्रको आधार निर्माणमा केन्द्रित बजेट

**रमेश लम्साल**
काठमाडौं, १६ जेठ (रासस)।

अर्थतन्त्रमा बाह्य दबाव र चापको सामाना गरिरहेको गठबन्धन सरकारले आन्तरिक उत्पादनको वृद्धि, कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने र देशभित्रै औद्योगिक वातावरण बनाउने उद्देश्यका साथ समावेशी प्रकृतिको बजेट सार्वजनिक गरेको छ। स्थिरता, उत्पादनशीलता र रोजगारी वृद्धि, समावेशी विकास, आत्मनिर्भरता र आर्थिक समृद्धि हासिल गर्ने उद्देश्यका साथ ल्याइएको बजेटले समाजवादी अर्थतन्त्रको आधार तयार गरेको छ।

कोरोनाका कारण समस्यामा परेको अर्थतन्त्र लयमा अगाडि बढ्न खोजिरहेको बेला रुस र युक्रेनबीचको सङ्घर्षको बाछिटाले विदेशी मुद्राको सञ्चितीमाथि पनि केही प्रश्न उठाइरहेको छ। यस्तो अवस्थामा सरकारको बजेट राष्ट्रिय दृष्टिकोणबाट सन्तुलित र संयमित रहेको अर्थविद्, उद्योगी व्यवसायी र सर्वसाधारणको टिप्पणी रहेको छ। बजेटमार्फत विभिन्न २० वटा नयाँ नारामार्फत आर्थिक समृद्धिको नयाँ अभियान सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ।

बजेट बनाउने सरकारले आफ्ना केही चासो र कार्यक्रम समावेश गर्न खोज्ने प्रवृत्ति नौलो होइन। आगामी आवको बजेटमा पनि केही त्यस्ता विषय छन्, जुन नसमेटिएको भएपनि हुन्थ्यो भन्ने कोणबाट टिप्पणी हुनु अस्वभाविक पनि होइन। सामाजिक सुरक्षा भत्तालाई अमूक दलले आफ्नै जसरी गरेर 'ट्रेडमार्क' जस्तो बनाएर राजनीतिक प्रतिष्ठाको विषय बनाएको सन्दर्भमा वर्तमान सरकारले त्यसमा केही ब्रेक गर्ने प्रयास गरेको छ। त्यसबाट चापमा परेको अर्थतन्त्रमा थप दायित्वको सिर्जना भने पक्कै गरिदिएको छ।

आकारका सन्दर्भमा चालु आवको तुलनामा मात्रै यो बजेट ९.८ प्रतिशतले वृद्धि भएको छ। राष्ट्रिय योजना आयोगले दिइएको सीमाभित्रै बसेर तयार पारिएको बजेटलाई प्रमुख प्रतिपक्षी दलले भने परम्परागत शैलीमा नै बजेट अनुशासनमा नरहेको तथा निर्वाचन प्रभावित पार्ने गरी केही लोकप्रिय कार्यक्रम राखिएको भनेर आरोप लगाएको छ।

धरातलीय यथार्थमा हेर्दा बजेटले पहिलोपटक कृषि क्षेत्रमा केही गर्ने जर्मको गरेको छ। मुलुक कृषिप्रधान देश भनिएपनि झण्डै अढाई खर्ब बराबरको कृषि उपज आयात हुनु, हरेक घरका भान्छामा विदेशी उत्पादन मात्रै उपलब्ध हुनु आफैँमा सोचनीय प्रश्न बनिरहेको छ। नेपाली कांग्रेसका सांसद एवम् महामन्त्री गगन थापाले सरकारको नीति तथा कार्यक्रममाथि टिप्पणी गर्ने क्रममा कृषि उपजमा भइरहेको अत्याधिक आयातका सन्दर्भमा सरकारले रणनीतिक हस्तक्षेप गर्नुपर्ने बताउनुभएको थियो।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थमा भइरहेको अत्यधिक मूल्यवृद्धिका कारण आन्तरिक बजार नराम्ररी प्रभावित भएको छ। इन्धनमा हुने सामान्य बदलावले बजारमा मुद्रास्फीतिको चाप बढ्न थाल्छ। मूल्यवृद्धिको नियन्त्रण गर्दै आर्थिक वृद्धि गर्नुपर्ने दायित्वको बीचबाट सरकारले बजेटमा केही आधारहरु प्रस्तुत गरेको छ। गठबन्धन सरकारले कृषि क्षेत्रको दीर्घकालीन विकास, उद्योग क्षेत्रको विस्तार, बेरोजगारीको अन्त्य, ऊर्जा क्षेत्रको उन्नयनलाई केन्द्रमा राखेर आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेको छ।

अर्थराजनीतिक दृष्टिकोणले गठबन्धन सरकारको तर्फबाट प्रस्तुत भएको आगामी आवको बजेट संविधानप्रदत्त समाजवादको आधार निर्माण गर्नेतर्फ केन्द्रीत रहेको देखिन्छ। अर्थमन्त्री जनार्दन शर्माले कर्मचारी, वृद्धवृद्धा, न्युन आय भएका करदाता, किसानको मुहारमा खुसी ल्याइदिनुभएको छ भने उद्योगी व्यवसायी समेत प्रसन्न हुने वातावरण बनाइदिनुभएको छ। आत्मनिर्भर अर्थतन्त्रको विकास, कृषि क्षेत्रको उन्नयन र आन्तरिक उत्पादनको अभिवृद्धिलाई बजेटले सम्बोधन गरेको छ।

प्रतिनिधिसभा विघटन गरेर अघिल्लो सरकारले अध्यादेशबाट रु १६ खर्ब ४७ अर्ब ५७ करोड बराबरको बजेट प्रस्तुत गरेको थियो। प्रतिस्थापन विधेयकमार्फत त्यसमा केही संशोधन गरी रु १६ खर्ब ३३ अर्ब बराबरको बनाइएको थियो। चालु आवको तुलनामा सरकारले रु एक खर्ब ४६ अर्ब २६ करोड बढी बजेट प्रस्तुत गरिएको छ। चालु आवका लागि विनियोजित बजेटको खर्चको तुलनामा २४ प्रतिशत बढी बजेट प्रस्तुत भएको विवरण देखिन्छ। चालु आवको अन्त्यसम्म रु १४ खर्ब ४७ अर्ब मात्रै खर्च हुने सरकारको अनुमान छ।

आर्थिक सङ्कटको बाह्य दबाव बढिरहेको बेला सरकारले आगामी आवमा आठ प्रतिशतको आर्थिक वृद्धि हुने लक्ष्य राखेको छ। मूल्यवृद्धि सात प्रतिशतमा सीमित गर्ने लक्ष्य छ। यो लक्ष्य भने चुनौतीपूर्ण छ। चालु आवमा कूल ५.८६ प्रतिशत बराबरको आर्थिक वृद्धि हुने राष्ट्रिय तथ्याङ्क विभागले उल्लेख गरेको छ। बाह्य चाप, बेमौसमी वर्षालगायतका कारणले चालु आवमा राखिएको सात प्रतिशत बराबरको आर्थिक वृद्धि हुने प्रक्षेपण पूरा नहुने देखिएको छ।

चालु आवमा सङ्घीय सरकारले गर्ने खर्च रु छ खर्ब ७८ अर्ब ६१ करोड बराबर थियो। त्यस्तै, पूँजीगततर्फ रु तीन खर्ब ७४ अर्ब २६ करोड अर्थात् २२.७ प्रतिशत बराबर थियो। यसैगरी वित्तीय व्यवस्थातर्फ रु दुई खर्ब सात अर्ब ९७ करोड बराबर थियो। प्रदेश र स्थानीय तहका लागि वित्तीय हस्तान्तरणतर्फ रु तीन खर्ब ८६ अर्ब ७१ करोड बराबर उपलब्ध गराइएको थियो।

**ऊर्जामुखी बजेट**

बजेटले सम्बोधन गर्न खोजेको अर्को महत्वपूर्ण पाटो भनेको ऊर्जा हो। चालु आर्वको चैत मसान्तसम्म कूल ६२१ मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ। राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको माथिल्लो तामाकोशी ४५६ मेगावाट आयोजना निर्माण सम्पन्न भई विद्युत् उत्पादन नियमित भइरहेको छ।

चालु आवमा एक हजार ६२९ मेगावाट बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने लक्ष्य राखिएको भएपनि अपेक्षित प्रगति हुन भने सकेको छैन। रसुवागढी आयोजनाबाट कूल १११ मेगावाट, साञ्जेन र माथिल्लो साञ्जेनबाट ५६ मेगावाट, त्रिशुली थ्री बीबाट ३७ मेगावाट, राहुघाटबाट ४० मेगावाट, मध्यभोटेकोसीबाट १०२ मेगावाट र निजी क्षेबाट निर्माणाधीन आयोजनाबाट एक हजार ५५ मेगावाट बिजुली राष्ट्रिय प्रणालीमा जोड्ने लक्ष्य राखिएको भएपनि लक्ष्यअनुसार प्रगति हुन सकेन। यद्यपि आगामी आवको बजेटमा राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको बुढीगण्डकीसहित अन्य एक दर्जन जलाशय र अर्धजलाशयुक्त आयोजना शुरु गर्ने लक्ष्य राखिएको छ।

जानकारहरु भन्छन्–सपना ठूलो नै देख्नुपर्छ। तर, सरकारले देखेको सपना पूरा गर्नका लागि स्रोतको प्रबन्ध कहाँबाट कसरी गर्ने विषय सबैभन्दा अहम् छ। बुढीगण्डकीको लागत झण्डै रु तीन खर्ब बराबर छ। त्यसो त एकैपटक सबै लागत बराबरको रकम चाहिँदैन। प्रधानमन्त्री शेरबहादुर देउवाले शनिबार प्रतिनिधिसभामा सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा उठेको प्रश्नको जवाफ दिने क्रममा स्पष्ट शब्दमा भन्नुभएको थियो, "बुढीगण्डकीका लागि स्रोतको कुनै अभाव हुँदैन। सरकारले जोहो गरेको छ। त्यसमा कुनै आशङ्का गर्नुको जरुरत छैन।" कार्यकारी प्रमुखको तर्फबाट व्यक्त यस प्रकारको विश्वासले लामो समयदेखि सपनाको रुपमा मात्रै रहेको सो आयोजना अगाडि बढ्ने देखिन्छ।

राजनीतिक चक्रव्यूहमा फसेको आयोजनाले गति लिने विश्वास बढिरहेको बेला सरकारले कम्पनी ढाँचामा अगाडि बढाउने विश्वास आयोजना प्रभावितलाई पनि दिलाएको छ। ऊर्जामन्त्री पम्फा भुसालले पटकपटक सो आयोजना शुरु गरेरै छाडिने दृढता व्यक्त गरिरहनु भएको छ। त्यस्तै बजेटले झण्डै एक हजार १०० मेगावाट क्षमताको माथिल्लो अरुण, ६२५ मेगावाट क्षमताको दुधकोशी जस्ता आयोजनाको निर्माण शुरु गर्ने लक्ष्य राखेको छ। सरकारले राखेको यी लक्ष्य पूरा गर्न संस्थागत संरचना पनि उत्तिकै आवश्यक पर्छ। साधन, स्रोत, प्रविधि र जनशक्तिको जोहो गरेको खण्डमा सरकारको लक्ष्य पूरा गर्न कुनै कठिनाइ हुँदैन।

यस्तै, बजेटमा विभिन्न २० वटा नयाँ नारामार्फत आर्थिक समृद्धिको नयाँ अभियान सञ्चालन गर्ने उल्लेख गरिएको छ। उत्पादनमा वृद्धि मुलुकको विकास र समृद्धि विशेष अभियान दशक, २०७९–२०८९ सञ्चार्न बजेटमा समेटिएको अर्को नयाँ कार्यक्रम हो। नेपाली उत्पादनको वृद्धि, रोजगारी सिर्जना र निर्यात लक्षित व्यापार अभिवृद्धिका लागि प्रधानमन्त्री नेपाली उत्पादन एवं उपभोग अभिवृद्धि कार्यक्रम प्रारम्भ गर्ने बजेटमा योजना छ। सो कार्यक्रमका लागि रु तीन अर्ब ४५ करोड विनियोजन गरिएको छ।

निजी क्षेत्रले आफ्ना सबै माग बजेटले सम्बोधन गरेको प्रतिक्रिया दिएको छ। उच्च निर्यात सम्भावना भएका वस्तुको निकासीमा आठ प्रतिशत नगद अनुदानको व्यवस्थालाई सकारात्मक मानेको छ.स्वदेशी वस्तुको उत्पादन र प्रयोग बढाउन आफ्नै उत्पादन आफ्नै उपभोग अभियान सञ्चालन गर्ने, सरकारी तथा सार्वजनिक निकायमा स्वदेशी उत्पादन प्रयोग गर्नैपर्ने व्यवस्था मिलाउने, निजी क्षेत्रले सञ्चालन गरेका 'मेक इन नेपाल' तथा 'मेड इन नेपाल' जस्ता अभियानलाई आवश्यक सहयोग उपलब्ध गराउने नेपाल सरकारको निर्णयलाई नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल स्वागत गर्नुहुन्छ। औद्योगिक प्रयोजनका लागि ५० वर्षसम्म सरकारी जग्गा लिजमा पाउने व्यवस्था, रुग्ण उद्योगका लागि कर तिर्न र बैंकको ऋण तिर्न जग्गा बिक्रीको सुविधा, वैध माध्यमबाट रेमिट्यान्स पठाउनेलाई छुट सुविधा र वैदेशिक रोजगारीमा रहेका नेपालीलाई साधारण शेयरमा आरक्षण व्यवस्थालाई पनि उहाँले सकारात्मक शुरुआतको संज्ञा दिनुभएको छ।

त्यस्तै विदेशी नागरिकलाई अपार्टमेन्ट बिक्री खुलाको व्यवस्था, बढी विद्युत् खपत गर्ने उद्योगलाई १५ प्रतिशतसम्म महशुल छुटको व्यवस्था, विकास निर्माणका कार्य दुई सिफ्टमा गर्नुपर्ने, उत्पादनमूलक उद्योगको ब्याजदर कम गर्ने, आयकरको सीमामा हेरफेर, विदेशी लगानीको सीमा हेरफेर गरी न्यूनतम दुई करोडमा झार्ने तथा स्वदेशी उद्योग संरक्षणको नीति बजेटमा समावेश हुनुलाई धेरैले सकारात्मक रुपमा लिएका छन्। आगामी मंसिरसम्म सङ्घीय संसद र प्रदेशसभाको समेत निर्वाचन गर्नुपर्ने दायित्व बोकेको सरकारले राष्ट्रिय आवश्यकतालाई ख्याल गरेर नै बजेट ल्याइएको पूर्वअर्थमन्त्री समेत रहनु भएका नेकपा (माओवादी केन्द्र) का नेता बर्षमान पुन बताउनुहुन्छ।

**बजेटको आकार र कार्यक्रममा फड्को**

विगत वर्षका तुलनामा सरकारले ल्याएको बजेटको आकार ठूलो मात्र नभई केही महत्वाकांक्षी कार्यक्रममा जोड दिएको देखिन्छ। आगामी आवका लागि अर्थमन्त्रीले हिजो संसदमा प्रस्तुत गर्नुभएको कूल रु १७ खर्ब ९३ अर्ब ८३ करोड बजेटमा चालुतर्फ कूल रु सात खर्ब ५३ अर्ब ४० करोड अर्थात् ४२ प्रतिशत, पूँजीगततर्फ रु तीन खर्ब ८० अर्ब ३८ करोड अर्थात् २१.२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु दुई खर्ब ३० अर्ब २२ करोड अर्थात् १२.८ प्रतिशत बराबर रहने गरी प्रबन्ध गरिएको छ।

त्यस्तै आव २०७७/७८ मा कूल रु १४ खर्ब ४४ अर्ब ६४ करोड बराबरको बजेट प्रस्तुत गरिएको थियो। सो बजेटमा चालुतर्फ रु नौ खर्ब ४८ अर्ब ९४ करोड अर्थात् ६४.४ प्रतिशत, पूँजीगततर्फ रु तीन खर्ब ५२ अर्ब ९१ करोड अर्थात् २३.४ र वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ७२ अर्ब ७९ करोड ११.७ बराबरको व्यवस्था गरिएको थियो। त्यसतर्फ राजस्वबाट रु आठ खर्ब ८९ अर्ब ६२ करोड, वैदेशिक ऋणबाट रु दुई खर्ब ९९ अर्ब ५० करोड, आन्तरिक ऋणबाट रु दुई खर्ब २५ अर्ब बराबरको व्यवस्था गरिएको थियो।

आव २०७६/७७ मा कूल रु १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाख बराबरको बजेट ल्याइएको थियो। त्यसतर्फ चालु खर्चतर्फ रु नौ खर्ब ५७ अर्ब १० करोड १४ लाख अर्थात् ६२.४ प्रतिशत, पूँजीगततर्फ रु चार खर्ब आठ अर्ब ५९ लाख अर्थात् २१.६ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ६७ अर्ब ८५ करोड ९८ लाख अर्थात् ११ प्रतिशत बराबरको व्यवस्था गरिएको थियो। त्यसमा राजस्वबाट रु नौ खर्ब ८१ अर्ब १३ करोड ८३ लाख, वैदेशिक अनुदानबाट रु ५७ अर्ब ९९ करोड ५५ लाख, वैदेशिक ऋणबाट रु दुई खर्ब ९८ अर्ब ८३ करोड ३३ लाख र आन्तरिक ऋणबाट रु एक खर्ब ९५ अर्ब बराबरको जोहो गरिने प्रबन्ध गरिएको थियो।

सरकारले आव २०७५/७६ मा कूल रु १३ खर्ब १५ अर्ब १६ करोड १७ लाख बराबरको बजेट प्रस्तुत गरेको थियो। त्यस आवको बजेटमा चालुतर्फ रु आठ खर्ब ४५ अर्ब ४४ करोड ७५ लाख अर्थात् ६४.३ प्रतिशत, पूँजीगत खर्चतर्फ रु तीन खर्ब १३ अर्ब ९९ करोड ८२ लाख अर्थात् २३.९ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ५५ अर्ब ७१ करोड ६० लाख अर्थात् ११.८ बराबरको व्यवसथा गरिएको थियो। त्यस आवमा राजस्वबाट रु आठ खर्ब ३१ अर्ब ३१ करोड ८० लाख, वैदेशिक अनुदानतर्फ रु ५८ अर्ब ८१ करोड ५५ लाख, वैदेशिक ऋणतर्फ रु दुई खर्ब ५३ अर्ब दुई करोड ८२ लाख र आन्तरिक ऋणबाट रु एक खर्ब ७२ अर्ब बराबर जोगाड गरिएको थियो।

आव २०७४/७५ मा सरकारले रु १२ खर्ब ७८ अर्ब ९९ करोड ४८ लाख ५५ हजार बराबरको बजेट प्रस्तुत गरिएको थियो। त्यसतर्फ रु आठ खर्ब तीन अर्ब ५३ करोड १४ लाख ५४ हजार अर्थात् ६२.८, पूँजीगततर्फ रु तीन खर्ब ३५ अर्ब १७ करोड ५९ लाख ७० हजार अर्थात् २६.२ प्रतिशत, वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ४० अर्ब २८ करोड ७४ लाख ३१ हजार बराबरको विनियोजन गरिएको थियो।

सरकारले राजस्वबाट रु सात खर्ब ३० अर्ब पाँच करोड ५५ लाख ७० हजार, वैदेशिक अनुदानबाट रु ७२ अर्ब १६ करोड ७६ लाख २८ हजार, वैदेशिक ऋणबाट रु दुई खर्ब १४ अर्ब तीन करोड ५४ लाख २९ हजार, आन्तरिक ऋणबाट रु एक खर्ब ४५ अर्ब, त्यस वर्षको मौज्दातबाट रु एक खर्ब दुई अर्ब ७३ करोड ६२ लाख २८ हजार बराबरको व्यवस्था गरिएको थियो।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बलात्कारविरुद्ध मुद्दामा हदम्याद नलाग्ने गरी कानुन ल्याइनेछ : प्रधानमन्त्री

काठमाडौँ, १६ जेठ (रासस) ।

प्रधानमन्त्री शेरबहादुर देउवाले बलात्कारविरुद्धको उजुरीमा हदम्याद नलाग्ने गरी कानुन संशोधनको विधेयक संसद्मा चाँडै प्रस्तुत गरिने बताउनुभएको छ ।

चौथो राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा सोमबार आयोजित मूल समारोहको कार्यक्रममा प्रधानमन्त्री देउवाले महिला हिंसाका घटनामा सरकारले शून्य सहनशीलता अपनाउने र लैङ्गिक समानताका लागि संविधानले दिएको समावेशी समतामूलक हकअधिकार कार्यान्वयनका लागि सक्दो पहल गर्ने पनि बताउनुभयो ।

उहाँले निर्मला पन्तको हत्याका दोषीलाई पक्राउ गर्न समय लागे पनि प्रहरीको अनुसन्धान जारी रहेकाले एक दिन हत्यारा कानुनी नियन्त्रणमा आउने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री देउवाले लैङ्गिक समानताका दृष्टिले नेपाल दक्षिण एशियामै अग्रणी मुलुक रहेको र महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सम्पत्तिमा स्वामित्व वृद्धिका लागि नीतिगत र कानुनी प्रबन्ध गरिएको स्पष्ट गर्दै राज्यका सबै निकायमा महिलाको सार्थक सहभागिता र उपस्थितिका लागि पनि सरकार क्रियाशील रहेको अवगत गराउनुभयो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले नेपाली महिलाले मताधिकार पाउनका लागि पनि अग्रज महिलाले सङ्घर्ष गरेर अधिकार हासिल गरेको उल्लेख गर्दै राज्यका सबै निकायमा भविष्यमा ५० प्रतिशत महिला सहभागिताका लागि लाग्नुपर्ने बताउनुभयो ।

प्रतिनिधिसभाको महिला तथा सामाजिक समितिका सभापति निरुदेवी पालले संविधानमा समानताको हक स्थापित भए पनि अझै आमाका नामबाट नागरिकता पाउन कठिनाई भएकाले सहज प्रबन्धका लागि सरकारसँग आग्रह गर्नुभयो । उहाँले तेजाब आक्रमणकारी विरुद्धको अध्यादेशलाई विस्थापन गर्न चाँडै कानुन ल्याउन पनि माग गर्नुभयो ।

कार्यक्रममा पूर्वमन्त्री कमला पन्त, थममाया थापा, चन्दा चौधरी, राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीलगायतले शोषित, पीडित महिलाका लागि हकअधिकार व्यवहारिक रुपमा स्थापित गर्न सकेमा महिला अधिकार दिवसको सार्थकता हुने बताउनुभयो ।

विसं २०६३ जेठ १६ गते तत्कालीन पुनःस्थापित संसद्ले राज्यका सबै निकायमा ३३ प्रतिशत महिलाको सुनिश्चिततालगायत चार बुँदे महिला अधिकारका सवालमा सङ्कल्प प्रस्ताव पारित भएको दिनलाई नेपाल सरकारले विसं २०७६ देखि राष्ट्रिय दिवसका रुपमा मनाउन थालेको हो ।

# वैदेशिक रोजगारीको नाममा साढे दुई करोड ठगी, पाँच पक्राउ

काठमाडौँ, १६ जेठ (रासस) ।

भ्रमण भिसामा नेपालबाट दुबई पठाई करोडौँ ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा प्रहरीले पाँच जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा लमजुङ राईनास नगरपालिका–३ का ४७ वर्षीय मधुविलास बास्कोटा, सोलुखुम्बु दुधकुण्ड नगरपालिका–८ का ५४ वर्षीय होमबहादुर खड्का, काठमाडौँ कागेश्वरीमनोहरा नगरपालिका–७ बस्ने ३५ वर्षीया रञ्जना ढकाल प्याकुरेल र सोही ठाउँका ४० वर्षीय सन्तोष प्याकुरेल तथा रुपन्देही देवदह नगरपालिका ५ का ३० वर्षीय राजु भन्ने खुमबहादुर बस्याल रहेका छन् ।

उनीहरुले दुबईस्थित त्रिनेत्र म्यानेजमेन्ट कन्सल्टेन्सी एलएलसीको सञ्चालक कोमलराज उपाध्यायसमेतको गिरोहले आर्म्स गार्डमा ५०० को आवश्यकता भएको र मासिक रु तीन हजार दिरामसम्म पाउने भनी प्रलोभनमा पारेर प्रतिव्यक्ति रु तीन लाख ५० हजारदेखि आठ लाखसम्म खर्च लाग्ने भनी ठगेको खुलेको छ ।

गिरोहले फेसबुक, ह्वाट्सएप जस्ता सामाजिक सञ्जालको पेजमा भ्रमात्मक विज्ञापन राखी आकर्षक तलब, सेवा सुविधाको प्रलोभन देखाई दुबईमा पुर्‍याएर काममा नलगाई बिचल्ली बनाएर फरार भएका खुल्न आएको छ । उक्त घटनामा संलग्न उनीलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको टोलीले सर्लाही, रुपन्देही र काठमाडौँका विभिन्न स्थानबाट विभिन्न मितिमा पक्राउ गरेको सोमबार एक सूचना जारी गरी जनाइएको छ ।

नेपाल सरकार, श्रम मन्त्रालय, गृह मन्त्रालय, नेपाल प्रहरी, नेपाल र दुबईस्थित विभिन्न संस्थाहरुको सहयोग तथा सहकार्यमा पीडितहरूलाई नेपाल फिर्ता ल्याइएको थियो । हालसम्म ७६ पीडितहरुबाट रु दुई करोड ४३ लाख ३६ हजार ठगी भएको खुल्न आएको छ । उनीहरू उपर ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभसम्बन्धी कसुरमा अदालतबाट म्याद लिई थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# जहाज दुर्घटना : तेह्र जनाको शव भेटियो

म्याग्दी, १६ जेठ (रासस) ।

मुस्ताङको थासाङ गाउँपालिका–२ सानसुरेमा भएको तारा एयरको जहाज दुर्घटनास्थलमा १३ जनाको शव भेटिएको छ ।

दुर्घटनास्थलमा पुगेका सुरक्षाकर्मी र स्थानीयले सोमबार बिहान १०:३० बजेसम्म १३ जनाको शव भेटाएको जिल्ला प्रशासन कार्यालय, मुस्ताङले जनाएको छ । कार्यालयका प्रशासकीय अधिकृत देवेन्द्रराज पाण्डेले क्षत्विक्षत बनेको जहाजले थिचेका शव पहिचान गर्ने काम भइरहेको बताउनुभयो ।

हेलिकप्टरमार्फत पुगेका सेना, प्रहरी र शेर्पा तथा पैदलमार्गबाट गएका स्थानीयको टोलीले भेटिएका शव सङ्कलन र हराइरहेकाको खोजी जारी राखेका छन् । पैदलमार्गबाट गएका करिब १०० जना सुरक्षाकर्मीको टोली घटनास्थल नजिकै पुगेका छन् ।

समुन्द्री सतहदेखि चार हजार मिटरभन्दा बढी उचाइमा रहेको घटनास्थलमा कुहिरो लागेकाले हेलिकप्टरमार्फत थप सुरक्षाकर्मी लैजान र सङ्कलित शव ल्याउन समस्या भएको प्रशासकीय अधिकृत पाण्डेले बताउनुभयो ।

आइतबार बिहान पोखरादेखि जोमसोमका लागि उडेको चालक दलका तीनसहित २२ जना सवार जहाज सोमबार बिहान दुर्घटनाग्रस्त अवस्थामा भेटिएको थियो । शव पहिचान, सुरक्षित बेपत्ताको खोजी र मुचुल्का तयार पारेपछि हेलिकप्टरबाट कोवाङ ल्याउने योजना बनाइएको छ ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले नेपाली सेनाको एक, फिस्टेल र कैलाश एयरको एक/एक वटा हेलिकप्टर उद्धारमा परिचालन गरिएको बताउनुभयो । मौसम खुलेको अवस्थामा एक वटा हेलिकप्टरले उडान गरेर उद्धारकर्तालाई घटनास्थलमा छाडेर नाउरीकोट आएको थियो ।

कुहिरो हट्नैवित्तिकै हेलिकप्टरबाट थप उद्धारकर्ता पठाउने र सङ्कलित शव ल्याउने तयारी गरिएको छ । थासाङ गाउँपालिकाको केन्द्र कोवाङदेखि न्याउरीकोट हुँदै करिब चार घण्टा हिँडेपछि पुगिने मानापाथी हिमालको फेदीमा रहेको पहाडमा जहाज ठोक्किएर टुक्राटुक्रा परेको अवस्थामा भेटिएको हो ।

कुहिरो लागेको र प्रतिकूल मौसमका कारण आइतबार दिनभर जहाज खोज्ने प्रयास सफल भएको थिएन । यार्सागुम्बा सङ्कलन गर्न गएका र गोठालाले नजिकैबाट उडेको जहाज पहाडमा ठोक्किएको आवाज सुनेको खबर गरेका थिए । काठमाडौँबाट नेपाली सेनाका उद्धारकर्ता आवश्यक सामग्रीसहित हेलिकप्टरबाट आइतबार नै मुस्ताङ पुगेका थिए ।

पोखराबाट बिहान ९:५५ बजे जोमसोमका लागि उडेको तारा एयरको ९ एनएइटी विमान बिहान १०:०७ बजे जोमसोम विमानस्थलको टावरबाट सम्पर्क विच्छेद भएको थियो ।

स्थानीयका अनुसार कोवाङ माथिको आकाशबाट जहाज जोमसोम नगई पोखरा जान धौलागिरि र मानापाथी हिमालतर्फ मोडिएको थियो । जहाजमा चालक दलका तीन जना र १९ जना यात्रु थिए । तारा एयरका अनुसार १२ जना नेपाली, चार जना भारतीय र दुई जना जर्मनी नागरिक थिए ।


## डा. आदर्श कुमार सिंह

**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU
NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

## डा. ललन प्रसाद रौनियार

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

### चाडमा सुन खानी कामदारहरूबीच झडप हुँदा करिब १०० जनाको मृत्यु

एन जामेना, १६ जेठ (रासस/एएफपी) ।

उत्तरी चाडमा सुन खानीमा कार्यरत कामदारहरू बीचको झडपमा करिब १०० जनाको मृत्यु भएको रक्षा मन्त्री जनरल दाउद याया ब्राहिमले सोमबार बताएका छन् ।

मे २३ मा लिबियाको सिमाना नजिकको कोरी बोगौदीमा हिंसा भड्किएर घटनाले ठूलो रूप लिदाकरिब १०० जनाको मृत्यु भएको छ भने कम्तीमा ४० जना घाइते भएका छन् ।

उक्त झडप चाडको राजधानी एन’जामेनाबाट करिब १,००० किलोमिटर (६०० माइल) मध्य सहाराको तिबेस्ती पर्वतमा भएको थियो ।

त्यस क्षेत्रमा सुनको खोजी चाड र छिमेकी देशहरूबाट आएका खानी कामदारहरू बीच अक्सर तनाब र झडप हुने गर्दछ । झडप मौरिटानियन र लिबियालीहरू बीच भएको मन्त्रीले बताएका छन् । उनले एएफपीसँग यस क्षेत्रबाट फोनमा कुरा गर्दैजहाँ सो जानकारी दिएका हुन् ।

“यस क्षेत्रमा सुन खानी कामदारहरू बीच हिंसा भएको यो पहिलो घटना होइनर हामीले अर्को सूचना नआएसम्म कोरीमा सबै सुन खानीको उत्खननको कार्य स्थगन गर्ने निर्णय गरेका छौं,“ उनले भने । यस क्षेत्रका बहुसंख्यक खानीहरू अवैधरूपमा सञ्चालित छन् ।

### विश्व बैंकले श्रीलंकालाई ७० करोड अमेरिकी डलर दिने

कोलम्बो, १६ जेठ (रासस/सिन्ह्वा) ।

विश्व बैंकले आगामी केही महिनाभित्र श्रीलङ्कालाई करिब ७० करोड अमेरिकी डलर उपलब्ध गराउन लागेकोश्रीलङ्काका विदेशमन्त्रीले सोमबार जनाकारी दिएका छन् ।

कोलम्बोमा रहेको विश्व बैंकका देशीय प्रबन्धक चियो कान्डाले श्रीलङ्काका विदेशमन्त्री जीएल पेरिससँग कुराकानी गर्दा सो प्रतिबद्धता व्यक्त गर्नुभएको बताइएको छ ।

भेटमा मन्त्रीले अन्तरराष्ट्रिय मुद्राकोष, अन्य अन्तरराष्ट्रिय संस्था र दातृ राष्ट्रहरूमार्फत दीर्घकालीन सहायता उपलब्ध नहुन्जेल विश्व बैंकसँग सहयोग मागेका थिए ।

मन्त्रीले अर्थतन्त्रको दिगो समाधान नआएसम्म विश्व बैंकको अल्पकालीन आर्थिक सहयोगको कदर गरिने बताएका छन् ।

विश्व बैंकका देशीय प्रबन्धकले उनको कार्यालयले एसियाली विकास बैंक, एसियाली पूर्वाधार लगानी बैंकर संयुक्त राष्ट्रसंघको कार्यालय जस्ता अन्य संस्थाहरूसँग पनि श्रीलङ्काको बिग्रदो अर्थतन्त्र सुधारका निम्ति काम गरिरहेको बताएका छन् ।

हाल श्रीलङ्काले चरम विदेशी मुद्राको अभावको सामना गरिरहेको छ जसले अत्यावश्यक वस्तुहरू आयात गर्न समस्या निम्त्याएको छ ।

### इरानमा भवन भत्कँदा २९ जनाको मृत्यु, ३८ हराए

तेहरान, १६ जेठ (रासस/सिन्ह्वा) ।

इरानको राजधानी तेहरानमा एक भवन भत्कँदा त्यसमा परेर कम्तीमा पनि २९ जनाको ज्यान गएको बताइएको छ । साथै सो भत्किएको भवनमा अरु कम्तीमा पनि ३८ जना पुरिएको आशङ्का गरिएको छ । ती ३८ जना हराइरहेका प्रारम्भिक सूचनामा जनाइएको छ ।

आइतबार भत्किएको सो १० तले भवनमा परेर अरु केही व्यक्ति घाइते पनि भएका छन् । यहाँको तासनिम समाचार समितिले दिएको समाचार अनुसार सो भवनमा परेकाहरुको उद्धारको कार्य भने जारी रहेको छ । इरानको खुजृस्तान प्रान्तका गभर्नर सादिक खालियानले दिएको जानकारीअनुसार सो प्रान्तको अब्दान सहरमा सो दुर्घटना भएको हो ।

गभर्नर खालियानले उक्त दुर्घटनाग्रस्त क्षेत्रको भ्रमण गरेर यहाँका समाचारदातालाई आइतबार राति दिनुभएको जानकारीअनुसार सो भवन भत्किँदा त्यसमा परेर २९ जनाको ज्यान गएको छ भने अरु ३८ जना हराइरहेका छन् । उहाँले त्यसमा परेर मृत्यु भएका २९ को शव निकालिएको छ । तीमध्ये केहीको पहिचान खुल्न पनि बाँकी रहेको जानकारी पनि उहाँले दिनुभएको छ ।

सो भवन निर्माणाधीन अवस्थामा रहेको थियो । सहरकोबीच भागमा निकै भीडभाड हुने क्षेत्रमा सो भवन निर्माण गरिएको बताइएको छ । हराएकाहरुको खोजीका लागि ठूलो सङ्ख्यामा प्रहरी र उद्धारकर्मी परिचालन गरिएको छ । तर भवनको बाँकी भाग पनि भत्किएला जस्तो रहेकाले निकै सावधानीपूर्वक उद्धारको काम गरिरहनुपरेको अधिकारीहरुले जनाएका छन् ।

# सामुदायिक विद्यालयका विद्यार्थीलाई निःशुल्क पोशाक

**दैनिक समाचारदाता**
**राजविराज, १६ जेठ ।**

सप्तरीको खडक नगरपालिकाका नवनिर्वाचित नगरप्रमुख जयप्रकाश चौधरी थारुले नगरभरका सामुदायिक विद्यालयका विद्यार्थीलाई निःशुल्क पोशाक प्रदान गर्ने निर्णय गरेका छन् ।

सोमबार पदभार ग्रहणपछि उनले पहिलो निर्णय गर्दै सामुदायिक विद्यालयका विद्यार्थीलाई पाइन्ट, शर्ट, जुत्ता र टाईसहितको पोशाक निःशुल्क प्रदान गर्ने जानकारी दिए ।

पहिलो चरणमा प्राथमिक तहमा, दोस्रो चरणमा निम्न माध्यममा र तेस्रो चरणमा माध्यमिक तहका विद्यार्थीलाई पोसाक निःशुल्क प्रदान गरिनेछ उनले बताए । यसका लागि आगामी वर्षको शिक्षा क्षेत्रअन्तर्गत पोसाकको लागि बजेट छुट्याइनेछ ।

नगरभरिका गर्भवतीका लागि भिडिओ एक्सरे सेवा निःशुल्क र नगर बाहिरकालाई ५० प्रतिशत शुल्क लिई सेवा दिने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत कुन्दनकुमार कर्णले जानकारी दिए । उनका अनुसार भिडिओ एक्सरे मेसिन खरिद भइसकेको छ' सो सेवा सुरु गर्नका लागि केही समय लाग्ने बताए । नगरपालिकाअन्तर्गत कार्यालयमा सिसी क्यामेरा र विद्युतीय हाजिरी प्रणाली जडान गरी अनलाइन सुपरीवेक्षण र अनुगमनको व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने निर्णय भएको जनाएको छ ।

# महादेवा ३ को पदभार ग्रहण सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १६ जेठ ।**

सप्तरीको महादेवा गाउँपालिका वडा नं ३ को नवनिर्वाचित वडा अध्यक्षसहित पदाधिकारीहरुले एक कार्यक्रमबीच सोमवार पदभार ग्रहण गरेका छन् ।

वडा अध्यक्ष रामकुमार यादवको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष सुनिल कुमार मण्डलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेकपा माओवादी केन्द्रका जिल्ला अध्यक्ष तथा पुर्व मन्त्री उमेश कुमार यादव, जसपाका शशि यादव, लोसपाका उपेन्द मण्डल, माओवादी केन्द्रका दिपेन्द्र माझी, वडा सचिव गोविन्द यादव, सुरेन्द्र यादव, रामअशिष यादव, जनमतका मिन्तल मुखिया लगायतले सफल कार्यकालका लागि शुभकामना दिएका थिए ।

# परिवारजनबाटै असुरक्षित भएको भन्दै देश छोड्ने चेतावनी

**दैनिक समाचारदाता**
**राजविराज, १६ जेठ ।**

सप्तरीको रुपनी गाउँपालिका १ का ७५ वर्षिय रामप्रसाद साहले आफन्तवाट असुरक्षित भएको भन्दै सरकारले सुरक्षाको प्रत्याभुति नगरे देश छोड्ने चेतावनी दिएका छन् ।

सोमवार राजविराजस्थित नेपाल पत्रकार महासंघमा आयोजित पत्रकार सम्मेलनमा उनले सो चेतावनी दिएका हुन् ।

लामो समयदेखी श्रीमति छोरावाट घरेलु हिंसाको शिकार भएको बताउँदै साहले रुपनी वजारमा डेरा भाडामा लिइ वस्दै आएकोमा जेठा छोरा आनन्दप्रसाद साह र माइला छोरा दिपेन्द्रप्रसाद साहवाट पटक पटक कुटाइ खानु परेको बताए ।

सो क्रममा ज्यान मार्ने धमकी, खाना, वस्न, घर परिवारले नदिएको कारण देश छोड्ने निर्णयमा आफु पुगेको पत्रकार संमेलनमा वताए । रुपनी स्थीत प्रहरी कार्यालयमा कुटपिट र अभद्र व्यवहार गरेको विषयमा पटक पटक निवेदन दिदापनि प्रहरी प्रशासनवाट सुरक्षाको प्रत्याभुति नभएको कारण देश छोड्ने मनिस्थीतिमा पुगेको उनको भनाई थियो ।

विगतमा उनी वस मजदुर नेताको रुपमा परिचीत ७५ वर्षिय साहको एक श्रीमति, तिन छोरा र एक छोरी छन् ।

# कानून व्यवसायीहरुमा चुनावी सरगर्मी बढयो

**दैनिक समाचारदाता**
**राजविराज, १६ जेठ ।**

सप्तरी बार एशोसिएसनको नयाँ नेतृत्वका लागि उम्मेदवारी दर्ता सम्पन्न भएको छ । एशोसिएसनको नयाँ नेतृत्वका लागि मनोनयन दर्ता सकिएको छ भने निर्वाचन आगामी जेठ २१ गते शनिबार हुने तय भएको छ ।

अध्यक्ष सहित १० पदका लागि हुने निर्वाचनमा पेशागत समावेशी प्रगतिशिल लोकतान्त्रिक समुहबाट अध्यक्ष पदमा रामप्रसाद चौधरी प्यानल सहित उम्मेदवारी दिएका छन् ।

उनको प्यानबाट सहसचिव पदमा भने अधिवक्ता किरण साह निर्बिरोध निर्वाचित भएकी छिन उक्त पदमा प्रदेश कानून अधिकृत समेत रहेकी साहको एकमात्र उम्मेदवारी दाखिला भएकाले उनी निर्बिरोध निर्वाचित भएको निर्वाचन समितिका संयोजक कृपा नारायण यादवले जानकारी दिए ।

यस्तै बृहत लोकतान्त्रिक प्रगतिशिल समावेशी तथा पेशागत कानून व्यवसायीहरुको गठबन्धन समुहबाट कामेश्वर यादवपनि सभापति पदमा प्यानल सहित चुनावी प्रतिष्पर्धामा उत्रेका छन् ।

सभापति पदमा अर्का कानून व्यवसायी महेश्वर यादव र शंकर कुमार मिश्रले पनि उम्मेदवारी दिएकोमा सोमबार ति दुवैले उम्मेदवारी फिर्ता लिएका कारण चौधरी र यादव प्यानल बिच सोझै प्रतिष्पर्धा हुने भएको छ । एशोसिएसनमा ९७ जना कानून व्यवसायी मतदाता छन् ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेंट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


## डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो।

यसका लक्षणहरु;

- दुःखी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
- निन्द्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसुस हुनु,
- कुनै पनि कुरामा खुशी नहुनु,
- जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
- आत्महत्यासम्मको विचार आउनु,

यसबाट बच्न,

- परिवार, साथीभाई तथा समाजमा घुलमिल हुने,
- नियमित रुपमा शारिरिक अभ्यास, योग तथा ध्यान गर्ने,
- निश्चित समयमा सुत्ने र उठ्ने,
- स्वस्थ र सन्तुलित खाना खाने,
- धुम्रपान र मदिरापानजस्ता कुलतबाट टाढा रहने,
- बाबुआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
- केही समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसँग परामर्श गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np